# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com



## भाजपाले गुमायो एकल बहुमत
## कांग्रेसको 'कमब्याक'



लोकसभामा वाराणसीबाट तेस्रोपटक विजयी भएपछि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी । *तस्बिर: एजेन्सी*

■ **प्रभाव संवाददाता**

- ५४३ सदस्यीय भारतीय लोकसभामा बहुमतका लागि २७२ मत चाहिन्छ । जुन मोदीको दल भाजपा एक्लैले ल्याउने दाबी गरेको थियो । यद्यपि भाजपाले यसपटक एकल बहुमत गुमाएको छ ।
- भाजपा नेतृत्वको गठबन्धनले बहुमत भने पुऱ्याइसकेको छ ।
- परिवारवादको आरोप खेपेका राहुल गान्धीले गत वर्ष भारत जोडो यात्रा अभियान सञ्चालन गरेका थिए । यहीबाट कांग्रेस अघिल्लो वर्षभन्दा यसपटक झण्डै दोब्बर सिटमा आफ्नो उपस्थिति देखाउने भएको छ ।

**काठमाडौं–** भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले फेब्रुअरी ५ मा भनेका थिए- यसपालि एनडिएले ४०० भन्दा बढी सिट जित्ने छ । भारतीय जनता पार्टी (भाजपा) एक्लैले ३७० सिट जित्ने छ ।

एनडिए अर्थात् भारतीय जनता पार्टीसहितको गठबन्धन, एक्जिट पोलहरूको अनुमान र मोदीको दाबी भने निर्वाचन परिणामले नपुगेको पुष्टि गरेको छ । भारतको लोकसभामा ५४३ सदस्य यो निर्वाचनबाट चुनिँदै छन् । यहाँ बहुमतका लागि २७२ सिट चाहिन्छ । जुन मोदीको दल भाजपा एक्लैले ल्याउने दाबी गरेको थियो । यद्यपि चुनावी परिणामको अन्तिम रुझानले यो बताउँछ कि भाजपाले यसपटक एकल बहुमत गुमाएको छ ।

सन् २०१४ मा २८२ सिट जितेर बहुमत बटुलेका मोदीले सन् २०१९ मा ३०३ सिट जित्दै जादू चलाएका थिए । एनडिए गठबन्धनले २०१४ मा ३३६ र २०१९ मा ३५३ सिट जितेको थियो । तर यो पालि भने मोदीको लोकप्रियता घटेको निर्वाचन परिणामले प्रस्ट पारेको छ । भारतका प्रथम प्रधानमन्त्री एवं कांग्रेस नेता जवहारलाल नेहरूलाई पछ्याउने मोदीको चाहनामा थोरै 'ब्रेक' लागेको हो । नेहरूले ५२ वर्षअघि तीन चुनाव लगातार जितेको रेकर्ड बनाएका थिए ।

यसपटकको प्रमुख दुई मुद्दा थिए 'भोट फर मोदी' र 'भोट अगेन्स्ट मोदी' । मोदीले निकै मिहेनत गरेर चुनाव जिते पनि उनी हारेका छन् । यद्यपि भाजपाले मोदीलाई नै प्रधानमन्त्री बनाउने बताइसकेको छ । यद्यपि भाजपाको जादू भने पहिलेझैं चलेन ।

**किन चलेन मोदीको जादू ?**

भारतमा मोदी निकै चर्चित मानिन्छन् । उनीमाथि मिडिया नियन्त्रणको आरोपसमेत लाग्छ । लोकसभा निर्वाचनमा वाराणसीबाट तेस्रोपटक विजयी भएपछि मोदीले यसलाई भारतको इतिहासमा अभूतपूर्व क्षण भएको दाबी गरेका छन् । 'देशका जनताले लगातार तेस्रोपटक एनडिएमा विश्वास व्यक्त गरेका छन् ।

(क्रमश: पृष्ठ २ मा)

# ढल्दै जसपा सरकार
## जनमतको नेतृत्वमा सरकार बन्ने

- अल्पमतमा परेका मुख्यमन्त्री सरोजकुमार यादवले विश्वासको मत पाउने सम्भावना न्यून
- गठबन्धनको तर्फबाट जनमत संसदीय दलका नेता महेशप्रसाद यादवले मुख्यमन्त्रीमा दाबी पेस गर्ने तयारी
- साढे छ वर्षमा पहिलोपटक जसपाको मधेस सरकार ढल्दै
- जनमतको नेतृत्वमा सरकार गठन गर्न एमाले, माओवादी केन्द्र, एकीकृत समाजवादीको समर्थन

■ **जेबी योञ्जन**




सरोजकुमार यादव | महेशप्रसाद यादव

**काठमाडौं–** अल्पमतमा परेसँगै जनता समाजवादी पार्टी (जसपा) नेपाल नेतृत्वको मधेस प्रदेश सरकार ढल्ने अवस्थामा पुगेको छ । मुख्यमन्त्री सरोजकुमार यादवले प्रदेशसभामा आज विश्वासको मत लिने कार्यतालिका छ । यद्यपि, उनले विश्वासको मत पाउने सम्भावना न्यून छ ।

नेकपा एमाले र नेकपा माओवादी केन्द्रले गत वैशाखको अन्तिममा समर्थन फिर्ता लिएर सरकारबाट अलग भएपछि यादव अल्पमतमा परेका हुन् । त्यसपछि उनले संवैधानिक प्रावधानअनुसार विश्वासको मत लिन लागेका हुन् ।

जसपा केन्द्रीय प्रवक्ता मनिष सुमनका अनुसार मुख्यमन्त्री यादवले संसद्मा विश्वासको परीक्षण गर्ने छन् । संसद् बैठक आज दिउँसो ३ बजेका लागि आह्वान गरिएको छ । यादवलाई विश्वास रहेको प्रमाणित गर्न ५४ जना सांसदको समर्थन चाहिन्छ । यो भनेको १०७ सदस्यीय मधेस संसद्को झिनो बहुमत हो । तर, जसपाबाट मुख्यमन्त्री बनेका यादवले बहुमत पाउने आधार छैन । कारण, उनलाई समर्थन गर्न सक्ने दल नेपाली कांग्रेसमात्रै हो । प्रदेशसभामा कांग्रेसका २२ र जसपाका १९ जना सांसद छन् । यी दुई दलको सांसद संख्या ४१ मात्रै हो । अन्य दलका सांसदले समर्थन गर्ने सम्भावना छैन । यसले गर्दा मुख्यमन्त्री यादवलाई विश्वासको मत प्राप्त गर्न १३ सांसद अपुग हुने देखिएको छ ।

प्रदेश संसद्को मुख्य दल एमाले, माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीले जनमतलाई सरकार गठनमा समर्थन गर्ने भएका छन् । जनमतबाट संसदीय दलका नेता महेशप्रसाद यादवले मुख्यमन्त्री दाबी पेस गर्ने तयारी गरेका छन् । मधेस संसद्मा एमालेको सभामुखबाहेक २४ जना, जनमतका १३ जना, माओवादीका नौ जना र एकीकृत समाजवादीका सात जना सांसद छन् । यी चार दलको सांसद संख्या ५३ पुग्छ, जसमा बहुमतका लागि अझै एक सांसद आवश्यक पर्छ । महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) पनि मधेसको सन्दर्भमा एमाले-माओवादी कित्तामा उभिने दाबी जनमतका महासचिव चन्दन सिंहको छ ।

'मधेसमा जसपा र कांग्रेसबाहेकका सबै शक्ति एक ठाउँमा गोलबद्ध हुँदै छौं,' उनले प्रभावसँग भने, 'यसले बहुमत नपुग्ने भन्ने नै हुँदैन ।' यद्यपि लोसपाले जनमत नेतृत्वमा गठन हुने सरकारलाई समर्थन गर्नेबारे निर्णय भने गरिसकेको छैन । यो दलसँग मधेस संसद्मा आठ जना सांसद रहेका छन् । लोसपाले समर्थन गरे जनमतलाई सरकार बनाउन बहुमत पुग्ने देखिन्छ । उक्त पार्टीका नेता केशव झाले समर्थन गर्ने कि नगर्ने भन्नेबारे पार्टी अहिले निर्णयमा पुग्न बाँकी रहेको बताए ।

'अहिलेको मधेस सरकारलाई हाम्रो समर्थन थिएन । तर, आज सरकार गठनका लागि दाबी पेस गर्ने भन्ने जनमत नेतृत्वको सरकारलाई चाहिँ के गर्ने भन्ने टुंगो लाग्न बाँकी छ,' उनले भने, 'यसबारे निर्णय हुन बाँकी छ ।'

यसअघि लोसपाले पनि समर्थन गर्ने भएको जनमतका महासचिव सिंहले बताएका थिए । उनले एक सिट रहेका दलहरू नेपाल समाजवादी पार्टी नेपाल, नागरिक उन्मुक्ति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले पनि जनमतको नेतृत्वमा बन्ने सरकारलाई समर्थन गर्ने दाबी गरेका छन् । यद्यपि, यी दलहरू पनि समाचार तयार पार्दासम्म लोसपाजस्तै अनिर्णित छन् । जनमतबाट मुख्यमन्त्रीका उम्मेदवार बन्ने भएका महेसप्रसादलाई यी दलको समर्थन भए कांग्रेस-जसपा मात्रै विपक्षी कित्तामा देखिने छन् ।

यी दुई दलले पनि गत बुधबार मधेस सरकार जोगाउन भरमग्दुर प्रयास गरेका थिए । कांग्रेस सभापति शेरबहादुर देउवानिवास बूढानीलकण्ठमा सत्तासिनमध्येको एउटा दल एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललाई बोलाएर विपक्षी दलहरू सम्मिलित बैठकमा मधेस सरकार जोगाउनेबारे छलफल गरेका थिए । त्यस क्रममा नेपालले जसपा नेतृत्वको मधेस सरकारलाई जोगाउने बताएका थिए । जतिबेला जसपा सरकारमा एकीकृत समाजवादी सहभागी थियो । मंगलबारमात्रै उक्त दलले समर्थन फिर्ता लिएको हो । लोसपाले पनि जसपा सरकारको पक्षमा उभिने जनाएको थियो । तर, शुक्रबारसम्म आइपुग्दा नेपाल र ठाकुर पूर्ववर्ती कदमबाट पछि हटे । राजनीतिक उलटफेर भयो । परिणामत: मधेसमा जनमतको सरकार बन्ने टुंगो लागेको हो ।

(क्रमश: पृष्ठ २ मा)

**सन्दर्भ: वैदेशिक रोजगार**

### गण्डकीमा रोजगार मेला
## पाँच हजारभन्दा बढीले गरे अवलोकन



**काठमाडौं (प्रस)–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गण्डकी प्रदेशमा सञ्चालन गरेको दुईदिने श्रमाधान रोजगार मेलाको पाँच हजारभन्दा बढीले अवलोकन गरेका छन् । सोमबार र मंगलबार पोखराको पोखरा इभेन्ट सेन्टरमा मेला आयोजना गरिएको थियो ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सामाजिक तथा स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेश र पोखरा महानगरले आयोजना गरेको मेलामा सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका सरोकावालाहरूको सहभागीता रहेको थियो ।

श्रम तथा रोजगार कार्यालय पोखराका प्रमुख वरिष्ठ श्रम अधिकृत सुरेश ढकालले रोजगारदाता र रोजगारी खोजीमा रहेकाहरूबीच पुलको काम गर्न मेला सफल भएको बताए । मेलामा सहभागी विभिन्न कम्पनीहरूले ३५० भन्दा बढी क्षेत्रमा कर्मचारी माग गरेका थिए । जसमा एक हजार ३०० भन्दा बढीले आवेदन दिएको बताइएको छ । मेलालाई होटल संघ नेपाल (हान) ले संयोजन गरेको थियो । सहआयोजकमा नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्स, नेपाल घरेलु तथा साना उद्योग महासंघ, नेपाल तालिम तथा रोजगार व्यवसायी महासंघलगायतका सरोकारवाला संस्थाहरू रहेका थिए ।

## 'श्रमाधान कल सेन्टर'मा गुनासो बढ्दो

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सञ्चालनमा ल्याएको 'श्रमाधान कल सेन्टर'मा गुनासो राख्ने सेवाग्राहीको संख्या बढ्न थालेको छ । श्रम मन्त्रालयले गत वैशाख १६ गते श्रमाधान कल सेन्टर (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि जारी गर्दै कार्यान्वयनमा ल्याएपछि गुनासो तथा उजुरी दिने सेवाग्राहीको संख्या बढ्न थालेको हो ।

वैदेशिक रोजगारीमा रहेका श्रमिकको गुनासो सुन्न यसअघि श्रम मन्त्रालयमा नै कल सेन्टर सञ्चालनमा रहे पनि त्यसको प्रभावकारिता नभएको भन्दै श्रममन्त्री डोलप्रसाद अर्यालले कार्यविधि जारी गरेर श्रमाधान कल सेन्टर सञ्चालनमा ल्याएका थिए । हाल वैदेशिक रोजगार बोर्डमार्फत कल सेन्टर सञ्चालन हुने गरेको छ । बोर्डमा कल सेन्टर राखिएसँगै स्वदेश तथा विदेशबाट गुनासो तथा उजुरी दिने र श्रमसम्बन्धी जिज्ञासा राख्ने नेपालीको संख्या ह्वात्तै बढेको बताइएको छ ।

विगतमा दैनिकजसो ७०/८० जनाको मात्रै गुनासो तथा उजुरी आउने गरेकामा अहिले सरदर ३०० भन्दा बढी आउने गरेको श्रमाधान कल सेन्टरकी सुपरभाइजर सरिना महर्जनले बताइन् । 'पछिल्लो रेकर्डअनुसार ३०० भन्दा बढी नै गुनासो तथा उजुरी आउने गरेका छन्,' उनले भनिन्, 'अहिले सेवाग्राहीको चापले गर्दा कल सेन्टरको व्यस्तता बढेको छ ।' सेवाग्राहीका गुनासा तथा समस्याहरू जतिसक्दो चाँडो सम्बोधन गर्नेगरी काम भइरहेको उनले जानकारी दिइन् ।

श्रमाधान कल सेन्टरमा सेवाग्राहीको चाप बढ्दै गएपछि स्रोत साधन र जनशक्तिसमेत अभाव देखिएको छ । अहिले १० जना कर्मचारी र चारवटा कम्प्युटरको भरमा काम गर्नुपर्दा सेवाग्राहीको गुनासो तथा उजुरी व्यवस्थापनमा कठिनाइ भइरहेको बोर्डले जनाएको छ । दैनिकरूपमा सेवाग्राहीको चाप बढ्न थालेपछि एउटा कोठाबाट सञ्चालन हुँदै आएको कल सेन्टरलाई दुई वटा कोठामा विस्तार गर्न लागिएको बोर्डले जनाएको छ । साथै, बोर्डले नै दुई जना कर्मचारी थपेर सेवा दिन थालेको बोर्डका निर्देशक एवं प्रवक्ता टीकाराम ढकालले बताए ।

उनका अनुसार २४सै घण्टा सञ्चालनमा रहने कल सेन्टरमा स्वदेश तथा विदेशबाट जतिबेला पनि गुनासो राख्न र उजुरी दिन सक्ने व्यवस्था मिलाइएको छ । त्यसका लागि दैनिक तीन सिफ्टमा तीन-तीन जनाको दरले कर्मचारी व्यवस्थापन गरिएको प्रवक्ता ढकालले बताए । 'यसरी कल सेन्टरमा गुनासो राखेपछि तत्काल सुनुवाइ हुन्छ भन्ने सन्देश गएको छ,' उनले भने, 'रेकर्ड हेर्दा स्वदेशभन्दा पनि विदेश जान चाहने र गएका नेपालीहरूले नै आफ्ना गुनासो राख्ने गरेका छन्, त्यसमा पनि सबैभन्दा बढी ठगीका घटनासँग सम्बन्धित छन् ।'

सेवाग्राहीले कल सेन्टरमा भौतिकरूपमा मात्र नभई सबै प्रकारका विद्युतीय माध्यम प्रयोग गरेर प्रत्यक्ष वा अप्रत्यक्षरूपमा आफ्ना समस्या, गुनासो, जिज्ञासा, सुझाव एवं उजुरी दिनसक्ने व्यवस्था गरिएको छ । त्यस्तै सामाजिक सञ्जाल (फेसबुक, ह्वाट्सएप, भाइबर, इमो, इन्स्टाग्राम, इमेल, एक्सलगायतबाट पनि गुनासो दर्ता गराउन सकिने बोर्डले जनाएको छ ।



# अमूर्त सांस्कृतिक सम्पदा संरक्षणका लागि मन्त्रालयले लियो सुझाव

**काठमाडौं (प्रस)–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले पहिलोपटक अमूर्त सांस्कृतिक सम्पदा संरक्षणसम्बन्धी महासन्धिको आवधिक प्रतिवेदनका लागि सरोकार भएका निकायसँग सुझाव लिएको छ।

मन्त्रालयले पहिलोपटक पेस गर्न लागेको प्रतिवेदनका लागि सरोकार भएका सरकारी, गैरसरकारी र सांस्कृतिक क्षेत्रका विज्ञसँग तीन दिने राष्ट्रिय परामर्श गोष्ठी गरी सुझाव लिएको हो । जेठ २० गतेदेखि सुरु भएको परामर्श गोष्ठी मंगलबार सम्पन्न भएको हो । समापन कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्रालयका संस्कृति महाशाखा प्रमुख डा. सुरेशसुरस श्रेष्ठले अभौतिक सांस्कृतिक सम्पदाका विषयमा नीतिगत र कार्यान्वयनको काम दुवै मन्त्रालयले गर्ने भएकाले चुनौतीपूर्ण रहेको बताए । उनले विज्ञसँग लिएको सुझावका आधारमा यही जुन १५ गतेदेखि प्रतिवेदन पेस गर्न सुरु गरिने जानकारी दिए ।

जुन १५ मै प्रतिवेदन पेस गरी एसिया प्रशान्त क्षेत्रकै उदाहरणीय काम गर्न लागेको उनले सुनाए। संयुक्त राष्ट्रसंघको महासभाले सन् २००३ अक्टोबर १७ मा यो महासन्धि पारित गरेको थियो । सन् २००६ देखि कार्यान्वयनमा आएको महासन्धिलाई नेपालले भने सन् २०१० मा अनुमोदन गरेको थियो । अनुमोदन गरेको छ वर्षपछि प्रतिवेदन पेस गर्नुपर्ने नियमअनुसार तयारी गरिरहेका बेला संयुक्त राष्ट्रसंघले यससम्बन्धी निर्देशिका परिवर्तन गरेको थियो । निर्देशिका परिवर्तन गरेको छ वर्षपछि प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्थाबमोजिम यो वर्ष मन्त्रालयले प्रतिवेदन पेस गर्न लागेको हो।

गोष्ठीमा अमूर्त सांस्कृतिक सम्पदाका क्षेत्रमा काम गर्ने सरकारी एवं गैरसरकारी क्षेत्रका प्रतिनिधि र विज्ञ गरी ३६ जनाको सहभागिता रहेको मन्त्रालयका पुरातत्त्व अधिकृत भीष्म बास्कोटाले बताए । प्रतिवेदन यही जुन १५ देखि संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को)मा पेस गर्न प्रारम्भ गरिने उनले जानकारी दिए। आगामी डिसेम्बर १५ सम्म नेपालले अमूर्त सांस्कृतिक सम्पदा क्षेत्रमा भए गरेका कामको विवरण युनेस्कोमा पेस गरिसक्ने जनाइएको छ ।

# तराईमा 'लू' चल्दा खोप अभियान प्रभावित

**काठमाडौं (प्रस)–** सरकारले यही जेठ १३ गतेदेखि सञ्चालन गरेको पोलियो रोगविरुद्धको 'आइपिभी' खोप अभियान तराईका जिल्लामा प्रभावित भएको छ ।

स्वास्थ्य सेवा विभागको बालस्वास्थ्य तथा खोप शाखाका प्रमुख डा. अभियान गौतमले तराईका अधिकांश जिल्लामा तातो हावासँगै 'लू' चलेकाले खोप अभियान प्रभावित भएको बताए । 'तराई अधिकांश जिल्लामा 'लू' चलेको हुनाले विद्यालय बन्द भएका छन् । कतिपय विद्यालयमा खोप कार्यक्रम सञ्चालन भए पनि बीचमै रोकिएको छ,' उनले भने, 'अब भने पानी पनि पर्न थालेको छ । तराईमा शितलता पनि भएकाले अब विद्यालय खुल्ने र पुनः खोप अभियान सञ्चालन गर्दैछौं ।'

उनका अनुसार अहिलेसम्म चार लाख १७ हजार ५३६ जना बालबालिकाले पोलियोविरुद्धको खोप लगाइसकेका छन्। यो २८.५ प्रतिशत हो। 'अहिलेको खोप लगाएको तथ्यांक ४६ जिल्लाको हो। अन्य जिल्लाबाट तथ्यांक आउन बाँकी छ,' उनले भने, 'खोप अभियान राम्रो चलेको छ । हामी लक्ष्यअनुसार नै खोपको कभरेज ९५ प्रतिशत पुऱ्याउँछौं ।' खोप अभियानका क्रममा सरकारले २०७३ वैशाखदेखि २०७५ असोजसम्म जन्मिएका १४ लाख ६२ हजार ७१२ जना बालबालिकालाई पोलियोविरुद्धको खोप 'आइपिभी' लगाउने लक्ष्य राखेको छ। यही जेठ २६ गतेसम्म सञ्चालन हुने अभियानमा पोलियोविरुद्धको खोप 'आइपिभी' मा मृत पोलियो भाइरस हुन्छ।

स्वास्थ्य मन्त्रालयले विद्यालय नजाने बालबालिकाका लागि अभियानको अन्तिम दिन स्वास्थ्य संस्थामा पनि खोप अभियान सञ्चालन गर्ने छ। खोप लगाउन छुटेका बालबालिकालाई पोलियो रोग लाग्ने उच्च जोखिम रहेकाले यस वर्ष सरकारले खोप अभियान सञ्चालन गर्नुपरेको हो । सरकारले सन् २०२६ सम्म पोलियो उन्मूलन गर्ने लक्ष्य राखेको छ ।

पृष्ठ १ बाट क्रमशः

### ढल्दै जसपा ...

गठबन्धन दलका नेताहरूलाई लगेर मुख्यमन्त्रीका उम्मेदवार यादवले आजै प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीसमक्ष दाबी पेस गर्ने बताइएको छ । यसअघि आइतबार नै सरकार गठनका लागि जनमत संसदीय दलका नेता यादवले मुख्यमन्त्रीमा दाबी पेस गर्ने भनिएको थियो । एकीकृत समाजवादीको समर्थन हुने निर्णय ढिला आउँदा आज दाबी पेस गर्ने पक्षमा जनमत पुगेको हो । यससँगै संघीयता कार्यान्वयनपछि पहिलोपटक जसपा नेपाल नेतृत्वको मधेस सरकार ढल्ने भएको हो। अन्य प्रदेशमा पटक-पटक सरकार गठन हुने र ढल्ने क्रम छँदा मधेस सरकारको स्थायित्व कायम थियो। यद्यपि, संघीय अध्यक्ष अशोक राईसहितका नेताहरू पार्टीबाट अलग हुँदै जसपा गठन गरेपछि जसपा नेपाल थप कमजोर भयो। यहीबीच एमाले, माओवादी र एकीकृत समाजवादी पालैपालो समर्थन फिर्ता लिँदै सरकारबाट अलग भएका हुन्।

### भाजपाले गुमायो ...

यो भारतको इतिहासमा अभूतपूर्व क्षण हो,' जितपछि मंगलबार बेलुका मोदीले सामाजिक सञ्जाल एक्समा लेखेका छन्, 'यो माया र आशीर्वादका लागि म मेरो परिवारजनलाई नमन गर्दछु।' मोदीले कार्यकर्ताको परिश्रमको प्रशंसा गरेका छन् । लोकसभा चुनावको केही समय अगाडि मात्र अयोध्यामा राम मन्दिरको उद्घाटन भएको थियो । उत्तर प्रदेशका साथै अरू प्रदेशको चुनावमा यसको राम्रै प्रभाव पर्ने अनुमान थियो । तर भाजपाको राममन्दिर कार्डले चुनावमा काम गरेको देखिएन । अयोध्यासमेत पर्ने लोकसभा सिटमा भाजपाका लालु सिंह पराजित भएका छन् । त्यहाँ समाजवादी पार्टीका अवधेश प्रसाद विजयी भएका छन्।

### ब्युँतिदै कांग्रेस

सन् २०१९ मा ५२ सिटमा खुम्चिएको कांग्रेसले यो समाचार तयार पार्दासम्म ९० सिटमा जित निकालिसकेको छ। कांग्रेस 'कमब्याक' हुनुमा राहुल गान्धीको अथक प्रयासमाथि भरोसा गर्न थालेका छन्। 'अन्तिम नतिजा जे आए पनि एउटा कुरा स्पष्ट छ, यो कांग्रेस र हाम्रा नेता राहुल गान्धीको नैतिक विजय हो र भाजपाको पराजय हो,' कांग्रेस कार्यकर्ता रविन माइकल भन्छन्।

गत वर्ष गान्धीले देशव्यापी 'भारत जोडो यात्रा' आयोजना गरेका थिए । यसले उनको प्रभाव बढाउने काम गऱ्यो । भाजपाले उनलाई गालीबेइज्जतीको मुद्दा हाल्यो । जसमा अदालतले उनलाई संसद्बाटै निष्कासित गरेको थियो। पछि सर्वोच्च अदालतले उनलाई पुनः संसद्मा फर्कायो। अहिले उनी केरला र उत्तर प्रदेश दुवै सिटमा जितेका छन्।

चुनावको मुखमा अरविन्द केजरीवाल र हेमन्त सोरेनजस्ता मुख्यमन्त्रीलाई जेल हालेपछि भाजपाले निरंकुशता लाद्न खोजेको आशंका पनि गरिएको थियो। यसपटक कांग्रेस एक्लै १०० सिट आसपास जित निकाल्ने तरखरमा छ। जुन, अघिल्लो पालिको भन्दा दोब्बर हो । यो नतिजाबाट धेरैले कांग्रेस ब्युँतिन थालेको निष्कर्ष निकालेका छन्। 'मोदीलाई यो देशको मजाक बनाउन हामी दिने छैनौं । यो देशका जनतालाई एकअर्काविरुद्ध जाइलाग्न हामी दिने छैनौं,' कांग्रेस कार्यकर्ता सन्दीप मिश्र भन्छन्।

### महँगी र बेरोजगारी

चुनावी कार्यक्रमहरू केवल मोदी केन्द्रित देखिए । गठबन्धनका नेताहरू पनि मोदीकै अनुहार देखाएर चुनाव लडे । भारतीय चुनावबारे त्यहाँका समीक्षकहरू भाजपाका अरू उम्मेदवार र कार्यकर्ताहरू पनि जनतासँग जोडिएनन्। जसको परिणाम पार्टीले भोग्नुपरेको छ।

अग्निवीर र पेपर लिकजस्ता मुद्दामा भाजपाविरुद्ध विपक्षीले गुपचुप काम गरिरहे । यसैगरी विपक्षीले महँगीको मुद्दालाई लिए चर्को गरी उठाए। महँगीको मुद्दाले लोकसभा चुनावमा गरेको गहिरो असरलाई नकार्न सकिँदैन। पेट्रोल-डिजलदेखि खानपानका वस्तुहरूमा लगातार वृद्धि भइरहेको मूल्य सरकारविरुद्ध वातावरण बनाउन सहयोगी बन्यो । विपक्षीले यो मुद्दाको असरलाई अगाडि नै अनुमान गरेर हरेक चुनावी मञ्चमा ग्यास सिलिन्डरसहित भान्साको बजेट बढाउने अन्य वस्तुमा भएको मूल्यवृद्धिलाई मुद्दा बनाए। लोकसभा चुनावमा बेरोजगारीको मुद्दाले पनि ठूलो 'फ्याक्टर'का रूपमा काम गऱ्यो । विपक्षले हरेक मञ्चमा सरकारको घेराउ गर्दै बेरोजगारी मुद्दामा जवाफ माग्यो । यहाँसम्म कि कांग्रेसले आफ्नो घोषणापत्रमै केन्द्र सरकारको नेतृत्व पाए तत्काल ३० लाख सरकारी रोजगारी दिइने वाचा गऱ्यो ।


**सर्टिफिकेट तथा रजिष्ट्रेशन हराएको सूचना**

नेपाल नर्सिङ्ग काउन्सिलबाट मलाई प्रदान गरिएको निम्न व्यहोराको सर्टिफिकेट रजिष्ट्रेशन मिति २०८१/०१/१६ गते कालिमाटीबाट टेकुसम्म जाँदै गर्दा हराएकोले फेला पार्नु हुनेले नजिकैको प्रहरी चौकी वा फोन नं. ९८६८२०५८५२ मा सम्पर्क गरिदिनुहोला ।

**नाम: करुना श्रेष्ठ**
**रजिष्ट्रेसन नं: ३४४०७**
**ठेगाना: कालधारा**

**तु-आवश्यकता**

यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ।

1. Business Development Manager (International)-1 (F)
2. Receptionist-1 (F)
3. Admin Secretary- 1 (F)

**Qualification: For Develpment Manager:** must have minimum experience of abroad marketing, business develpment & promotion for atleast of 2 to 4 years, **bachelor degree in Marketing,** सम्बन्धित क्षेत्रमा २ देखि ४ वर्षको अनुभवी, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, कम्प्युटरको ज्ञान हुनुपर्ने छ।

**तलब: आपसी समझदारीमा**

CENTRAL CAPITAL SERVICES PVT.LTD. श्रम ईजाजत नं. ५७४/०६२/०६३
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
E-mail : md@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

**अनलाइन पत्रिका बन्द हुने सूचना**

**सूचना प्रकाशन मितिः २०८१/०२/२२**

यस nepalihaami.com नामक अनलाइन पत्रिका कुनै दायित्व बाँकी नरहने गरी बन्द गर्न लागिएको हुँदा तत् सम्बन्धमा कोही कसैको केही लेनदेन बाँकी बक्यौता भएमा यस सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा सम्पर्क गरी हिसाब मिलन गर्नहुन अनुरोध गर्दछौं ।

www.nepalihaami.com परिवार

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०६९/०६/२१ मा दर्ता भएको प्रा.लि. नं. १०६५२०/०६९/०७० को दिवाकर इन्भेष्टमेन्ट हाउजिङ्ग एण्ड ट्रेडिङ्ग प्रा.लि. को मिति २०८१/०२/०६ मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी खारेजी गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाणसहित सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्विडेटरको कार्यालय काठमाडौं २९, मा सम्पर्क गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ । अन्यथा तोकीएको म्यादभित्र हक दावी गर्न नआए उक्त कम्पनी दर्ता खारेजीको प्रकृया अगाडी बढाई दर्ता खारेजी
लिक्विडेटर: इन्द्रमणी अधिकारी, इजाजतपत्र नं. ५६१
फोन नं. ९८५१०७००४३, ठेगाना: का.म.न.पा. वडा नं. २९

**सर्टिफिकेट तथा रजिष्ट्रेशन हराएको सूचना**

नेपाल नर्सिङ्ग काउन्सिलबाट मलाई प्रदान गरिएको निम्न व्यहोराको सर्टिफिकेट रजिष्ट्रेशन मिति २०८१/०१/१६ गते कालिमाटीबाट टेकुसम्म जाँदै गर्दा हराएकोले फेला पार्नु हुनेले नजिकैको प्रहरी चौकी वा फोन नं. ९८०१०२९४३९ मा सम्पर्क गरिदिनुहोला ।

**नाम: एन्जेलिया रायमाझी**
**रजिष्ट्रेसन नं: ३७३९५**
**ठेगाना: खसीबजार**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०६५/०७/०८ मा दर्ता भएको प्रा.लि. नं. ५७०२२/०६५/०६६ को युनाईटेड फ्लोरा प्रा.लि. को मिति २०८१/०१/३० मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी खारेजी गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाणसहित सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्विडेटरको कार्यालय नयाँबजार काठमाडौंमा सम्पर्क गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ । अन्यथा तोकीएको म्यादभित्र हक दावी गर्न नआए उक्त कम्पनी दर्ता खारेजीको प्रकृया अगाडी बढाई दर्ता खारेजी गरिनेछ ।
लिक्विडेटर: जगदिश बम, इजाजतपत्र नं. ५५७
फोन नं. ९८५१००४४१४, ठेगाना: का.म.न.पा. वडा नं. २९

**घर खाली गरिदिने सूचना**

विगत १८ महिनादेखि ललितपुर-१४, सोभाहिटी स्थित मेरो घरमा भाडामा बस्ने स्थायी घर गोरखा भएकी अन्दाजी ४५ वर्षकी आशा जोशी परिवार सहित भाडामा बस्दै आएकोमा करिब २ महिनादेखि कोठाहरूमा ताल्चा लगाई सम्पर्क विहिन भई बसेकोमा फोन नं: ९७४९३५५८२९ मा प्रत्यक्ष सम्पर्कमा नरहेको तर फोन चालु देखिएको तथा टेक्स्ट म्यासेजमा सम्पर्कमा रहेको र विभिन्न आस्वासन पनि दिइरहेकोले मलाई तपाई प्रति विश्वास नभएकोले कोठा खाली गरिदिनुहोस् भन्दा वेवास्ता गरिरहेकोले तपाईले आजको मितिले ३५ दिन भित्रमा कोठा खाली गरि हिसाब मिलाउनुहोला अन्यथा कानुनी उपचार गरिने छ ।

**घरधनी: क्षेत्र बहादुर शाही**
**ललितपुर महानगरपालिका-१४, सोभाहिटि**
**सम्पर्क: ९८४१८५२५२३**

**PCL को मूल प्रमाणपत्र हरायो**

मिति २०८१/०१/०९ गते ललितपुर, सातदोबाटोदेखि चाँपागाँउसम्म जाँदा मेरो निम्न व्यहोरा भएको **Character Certificate** हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : **सिता संजेल**
रजिस्ट्रेसन नं: ६-१-९९९-११८५-२००६
सम्पर्क फोन : ९८६१०६६२१५

**सटर खाली गरिदिने सम्बन्धी १५ दिने सार्वजनिक सूचना**

का.म.पा. वडा नं. ६ अन्तर्गत **इश्वरीकुमारी खरेल**को नाममा रहेको घर नं. ६९९, कित्ता नं. ११०, सरस्वतीनगर स्थित भुइँ तलाको सटर मा कार्पेट पर्दा पसल गरी बस्ने **प्रकाश बस्ताकोटी** (९८४१९८२९९५) **र राजेश बस्ताकोटी, काभ्रे घर भई,** गत २०८० सालदेखि सटर बन्द गरी सम्पर्क बिहिन भएकोले १५ दिन भित्र सम्पर्क गर्नुहुन सूचना प्रकाशित गरिएको छ अन्यथा कानुन बमोजिम भइजाने छ ।

**घरधनी: इश्वरीकुमारी खरेल**
**का.म.न.पा-६, सरस्वतीनगर**
**सम्पर्क: ९८४१७९३१२३**

**बीमालेख हरायो**

मिति २०८१/०२/०७ गते कलंकीदेखि रत्नपार्क सम्म जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाण पत्रहरु साथै सक्कली बीमा अभिलेख प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु।

**नाम : सागर मानन्धर**
**विमालेख नं : २५२१०१०५६**
**कम्पनी : LIC**
**ठेगाना : सिनामंगल, काठमाडौं**
**सम्पर्क नं : ९८५१०९४९२७**


# Godawari Municipality
## Office of Municipal Executive
### Bajrabarahi, Lalitpur
### Bagmati Province, Nepal

## Invitation for Bids(IFB)

***Date of publication: - 2081/02/23 BS. (2024/06/05 AD.)***

1. The Godawari Municipality has allocated funds towards the cost of the Following project specified in table below and intends to apply part of the funds to cover eligible payments under the Contract. Bidding is open to all eligible Nepalese Bidders.
2. The Godawari Municipality, Office of Municipal Executive, Bajrabarahi, Lalitpur invites electronic bids only for the Construction of the following project under National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations.

**A. Single Stage: Two-Envelope Bidding Procedure**

| S. N. | Contract ID | Name of Project | Key Qualification | | Cost of Bidding Document NRs | Bid Security NRs | Date of Pre-bid Meeting | Last Date and Time of Bid Submission | Bid opening Date and Time |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Godawarimun/ Lalitpur/W/ NCB/49/ 080/081 | Construction of Swetbarahi Temple at Godawari Municipality-14, Badegaun, Lalitpur | Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years | NRs. 20.35 Millions. | 5,000/- | 5,10,000/- | 2081/03/12 BS (2024-06-26 AD) Time: 13:00 Hrs. | 2081/03/21 BS (2024-07-05 AD) Time: 12:00 Hrs. | 2081/03/21 BS (2024-07-05 AD) Time: 13:00 Hrs |
| | | | Minimum Work experience of similar size and nature | at least One (1) Contract of Temple Construction project within the last ten (10) years, with a value of at least NRs 8.14 Millions | | | | | |
| | | | Construction Experience in Key Activities: | 1. Sal Woodworks: 9.72 cum (production rate per year) 2. Wood Carving works: 28.07 Sqm (production rate per year) 3. Copper plate Roofing work: 79.70 Sqm (production rate per year) | | | | | |

**B. Single Stage: Single-Envelope Bidding Procedure**

| S. N. | Contract Identification No. | Name of Project | Estimate Amounts NRs (Without VAT but including PS ) | Cost of Bidding Document NRs | Bid Security NRs | Date of Pre-bid Meeting | Last Date and Time of Bid Submission | Bid opening Date and Time | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Godawarimun/ lalitpur/W/NCB/ 50/080/81 | Reconstruction of Satyanarayan Temple at Thaiba, Godawari-14, Lalitpur | 14,634,127.25 /- | 3,000/- | 3,68,000/- | 2081/03/12 BS (2024-06-26 AD) Time: 13:00 hrs. | 2081/03/21 BS (2024-07-05 AD) Time: 12:00 hrs. | 2081/03/21 BS (2024-07-05 AD) Time: 13:00 hrs. | |
| 2 | Godawarimun/ lalitpur/W/NCB/ 51/080/81 | ConstructionPre-fab building for Mahila Bhawan. | 28,68,144.27 /- | 3,000/- | 75,000/- | 2081/03/12 BS (2024-06-26 AD) Time: 13:00 hrs. | 2081/03/21 BS (2024-07-05 AD) Time: 12:00 hrs. | 2081/03/21 BS (2024-07-05 AD) Time: 13:00 hrs. | |

3. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
5. Eligible Bidders may obtain further information from the Godawari Municipality, Office of the Municipal Executive, Bajrabarahi, Lalitpur, Phone No. 01-5572592 during office hour. or may visit PPMO website:- **www.bolpatra.gov.np/egp/**
6. For more details about the Invitation for Bids (IFB), Bidders can go through the Bidding Documents.
7. Other mandatory information as per PPA and PPR.

**Chief Administrative Officer**

# ललितपुरको चक्रपथमा अपांगतामैत्री आकाशे पुल बन्दै



**ललिततपुर–** ललितपुर महानगरपालिकाअन्तर्गत चक्रपथ क्षेत्रमा दुईवटा अपांगतामैत्री आकाशे पुल निर्माण भइरहेका छन् । महानगरपालिका–२ सानेपा र ललितपुर महानगरपालिका–१३ महालक्ष्मी स्थानमा नयाँ आकाशे पुल निर्माण भइरहेका काठमाडौं चक्रपथ सडक विस्तार आयोजनाले जनाएको छ । ललितपुरकोबालकुमारी,सातदोबाटो, एकान्तकुना, धोबीघाटमा आकाशे पुल निर्माण भइसकेका छन् ।

आयोजना प्रमुख कृष्णनाथ ओझाले यसअघि चीन सरकारको सहयोगमा निर्माण भए पनि महालक्ष्मीस्थान र सानेपामा नेपाल सरकारले आफ्नै लगानीमा आकाशे पुल निर्माण गरिरहेको जानकारी दिए । उनका अनुसार निर्माण हुँदै गरेका ती आकाशे पुल अपांगतामैत्रीसमेत हुने छन् । ओझाले भने, 'महालक्ष्मीस्थान चोक र सानेपा चोकमा यात्रुको भीडभाड धेरै भएकाले स्थानीयको मागअनुसार आकाशे पुल निर्माण हुन लागिएको हो । यी दुवै पुल ह्विलचियरसमेत गुडाउन मिल्नेगरी अपांगतामैत्री हुने छन् ।'

पैदलयात्रुको सहजताका लागि आकाशे पुल निर्माण गर्ने सम्झौता वि.सं. २०७५ मा भए पनि निर्माण कार्य भने केही महिनाअघिबाट मात्र सुरु भएको हो । सम्झौताअनुसार दुवै पुल आगामी आर्थिक वर्षभित्र निर्माण गरिसक्नुपर्नेछ।महानगरपालिका–२ का वडाध्यक्ष राजेश महर्जनले भीडभाड हुने मुख्य चोकमा आकाशे पुल निर्माण भएमा पैदलयात्रुलाई निकै सहज हुने बताए । 'यहाँ दैनिक सयौं मान्छे आवतजावत गर्छन् तर आकाशे पुल नहुँदा दुर्घटनाको जोखिम छ । आकाशे पुल निर्माणपछि धेरै सहज हुने छ,' उनले भने । *रासस*

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७७/१०/१२ मा दर्ता भएको **प्रा.लि. नं. २५३७७७** को **टिपिकल क्लोथिङ एन्ड क्राफ्ट स्टोर प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०२/२२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०५९/११/०६ प्रा.लि. नं. २२७४३/०५९/०६० मा दर्ता भएको **अरुण ओभरसिज प्रा.लि.** को २०८०/१२/१३ मा सम्पन्न विशेष साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेसनमा लेजाने निर्णय गरेकोले यस कम्पनी सँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी वक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा स-प्रमाण हकदावी गर्नको लागि सम्बन्धित सवेको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ

---

## तु-आवश्यकता

**यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।**

**1. PRO (Public Relations Officer) -1 (M/F)**

**नोटः +2 Passed,** अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, सम्बिन्धित क्षेत्रमा अनुभवी, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

**तलबः आपसी समझदारीमा**

श्रम इजाजत नं. १०८८/०७३/०७४

**Al Noor Overseas Pvt. Ltd**
Samakhushi-26, Kathmandu, Nepal Phone : +977-4983094, 4960824
E-Mail : operation.alnoor@gmail.com, mktmp.alnooroverseas@gmail.com, Website : www.alnooroverseas.com

---

## अधिकतम खुद्रा बिक्री मुल्य (MRP) सूची प्रकाशनको सूचना

**यस फर्म कम्पनीले चीनबाट पैठारी गरेको देहायका मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मुल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**तपसिल**

| सि. न. | मालवस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पतिको मुलुक/राष्ट्र | इकाई | अधिकतम खुद्रा बिक्री मुल्य (MRP) |
|---|---|---|---|---|---|---|---|---|
| १. | CX 150 | Scooter | CX | Prime | 149.6cc | CHINA | SET | 312000 |

**बिक्रेता फर्मको नामः CXMOTO INDUSTRY PVT. LTD.**
SIMPANI-8, MANHARI, MAKWANPUR
**PAN NO.: 609979039**
**Phone No.: 014518789**

---

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SINOPEC ENGENEERING GROUP SAUDI CO. LTD**

पूर्व स्वीकृति मिति २०८१/०२/२२ | LT. No. 305826 | चलानी नं. ६०२२०५५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 50 | 0 | 1200 | ४२,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**प्रि-अन्तरवार्ता कम्पनीको प्रतिनिधिबाट धमाधम भइरहेको छ ।**

**फाइनल अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ३० गते (12th June 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं ९५७/०६७/०६८

**All Skills International Human Resource Pvt.ltd.**
Maharajganj-03, Basundhara, Kathmandu, Nepal
Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com
Website : www.allskillsintl.com

---

## बहराइनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SOLE CORP WLL**

पूर्व स्वीकृति मिति २०८१/०२/०६ | पुन विज्ञापन मिति :२०८१/०२/२२ | LT. No. 305041 | चलानी नं. ६०२१९८४९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 5 | 150 | ५२,५७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaners | 5 | 0 | 120 | ४२,०५७ | | | | | | | |
| 3 | Comis. Cook III | 5 | 0 | 140 | ४९,०६७ | | | | | | | |
| 4 | Kitchen Helper | 5 | 0 | 130 | ४५,५६२ | | | | | | | |
| 5 | Light Driver | 5 | 0 | 150 | ५२,५७२ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ३० गते (12th June 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 387/059/060

**Paradeshi Overseas Services Pvt. Ltd.**
Kathmandu Metropolitan-7, Mitrapark Umakunda Marga, Nepal
Tel: +01-5914513
Email: info@paradeshioverseas.com.np & paradeshiservices@gmail.com
Website: www.paradeshioverseas.com.np

---

## बहराइनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **RED PANDA BUSINESS SERVICES WLL**

पुर्व स्वीकृति मिति २०८०/०५/१२ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२२ | LT. No. :291785 | चलानी नं.६०२०६१३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 150 | ५२६८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Marketing Manager | 0 | 1 | 200 | ७०२५० | | | | | | | |
| 3 | Office Clerk | 0 | 1 | 120 | ४२१५० | | | | | | | |
| 4 | Receptionist | 0 | 1 | 150 | ५२६८७ | | | | | | | |
| 5 | SUPERVISIOR | 1 | 0 | 180 | ६३२२५ | | | | | | | |
| 6 | Worker | 5 | 0 | 120 | ४२१५० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ३० गते (12th June 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**The Centre Overseas Pvt. Ltd.**
**THE CENTER OVERSEAS CONCERN PVT.LTD**
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

---

## वान्टेड बचत तथा ऋण सहकारी सस्था लि.को धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ दिने सूचना

प्रकाशित मिति : २०८१/०२/२३

यस वान्टेड बचत तथा ऋण सहकारी सस्था लिमिटेडको प्रधान कार्यलय गो.न.पा-०८, माकलबारी काठमाण्डौंबाट वान्टेड जग्गा खरीद कर्जा शिर्षकअन्तर्गत कर्जा लिई उपभोग गरेको ऋण कर्जा समय समयमा तिर्नु बुझाउनु पर्ने साँवाब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एंव मौखिक रुपमा सूचना गरी तरताकेता गर्दासमेत ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ चासो नदेखाई वेवास्ता गरेकोले तपाई ऋणीलाई मिति २०८१/०१/५मा आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैतिस) दिने सार्वजनीक सूचना प्रकाशित गरी ऋण तथा व्यक्तिगत जमानी कर्तालाई समेत सूचित गर्दा कर्जाको सावाँब्याज समेत चुक्ता भुक्तानी गर्नेतर्फ कुनै चासो नदेखाएकोले सुरक्षण वापत सहकारीको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवसथामा लिलाम बिक्री गरीने भएकोले सर्वसाधारणको जानकारीको लागी यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र को आह्वान गरीएको छ । यो सुचना प्रकाशित भएको मितिले १६ (सोह्र) औ दिनमा वान्टेड बचत तथा ऋण सहकारी सस्था लिमिटेडको प्रधान कार्यलय गो.न.पा ०८, माकलबारी काठमाण्डौंमा दिउँसो ४:०० बजे गोप्य शिलबन्धी बोलपत्र खोलिनेछ । सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्धी बोलपत्रद्धारा आफुले बोलकबोल गर्ने रकमसहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउनसमेत अनुरोध गरीन्छ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि सहकारीको सम्पूर्ण लेना रकम असुलउपर नभएमा सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ अनुसारको ऋणी तथा व्यक्तीगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुलउपरका लागि ऋण असुली न्यायधिकरणमा मुद्धा दायर गरीने व्यहोरा ऋणी, व्यत्तीगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । साथै यस सुचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु सहकारी ऐन २०७४ बमोजिम संस्था आफै सकार गरी लिन सक्ने व्यहोरासमेत जानकारी गराइएको छ ।

| तपसिल | | |
|---|---|---|
| कर्जाशिर्षक : वान्टेड जग्गा खरीदकर्जा | जमानीकर्ताको नाम र ठेगाना | धितो राखिएको सम्पत्तिको विवरणः |
| ऋणीको नाम र ठेगाना<br>नाम : माया लामा<br>पति : सम्बर बा.तामाङ्ग<br>ससुरा : भचु ब. तामाङ<br>हाल : गोकर्णेश्वर-०८, माकलबारी<br>ना.प्र.नं. : २२६८५<br>जारी मिति : २०५८/०९/०१<br>जि.प्र.का : दोलखा | नाम : सम्बर ब. तामाङ<br>बुवा : भचु ब. तामाङ<br>हाल : गोकर्णेश्वर ०८,माकलबारी<br>ना.प्र.नं. : ११७३७०<br>जारी मिति : २०६०/०१/१९<br>जि.प्र.का : काभ्रेपलान्चोक | धितो सुरक्षण धनीको नाम : माया लामा<br>जिल्ला : काठमाण्डौ<br>न.पा./गा.वि.स.: थली डांछी<br>वडा नं./नक्सा सिट नं.:४<br>कि.नं.: १२१८<br>क्षेत्रफल : ०-३-०-० रोपनी ९५.३९ |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिने लाई सुचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गदै सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरीएको छ, तोकिएको दिनधितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुदाँका दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थितहुन सूचित गरीएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरीवा सहकारी आफैले सकार गर्दा समेत साविकमा सहकारी बाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा सहकारी आफैले सकार गरी लिएमा पछि मेरो, हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा सहकारी आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन ।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरू :**

१. गोप्य शिलबन्दी बोलपत्रदाताले आफूले कबूल गरेको जम्मा रकमको १०% ले हुने रकम धरौटी वापत यस सहकारीको नाममा खिचिएको कुनै पनि वाणिज्य बैकको सक्कले ड्राफ्ट गुडफरपेमेन्ट चेक नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकमक बोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस संस्थामा सुरक्षित रहनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम सहकारी सस्थाले भुत्तान माग गरेको मितिले ७ दिनभित्रमा वान्टेड बचत तथा ऋण सहकारी सस्था लिमिटेडमा नबुझाएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वतःजफत हुनेछ ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
५. तोकिएको लिलामी खोल्ने दिनविदा परेमा त्यसको लगतै कार्यलय खोल्ने दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी विदाबाहेक) पुनःलिलामी खोल्ने कार्य हुनेछ ।
७. सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ अनुसार लिलामबिक्रि गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागीहरुलाई चित्त बुझ्दो नभएमा यस सस्थाले उक्त सम्पत्तिको स्वामित्व आफुमा लिन सक्नेछ ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ ।
९. लिलाम बिक्रि हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहानु हुने महानुभावहरुले वान्टेड बचत तथा ऋण सहकारी सस्था लिमिटेडको प्रधान कार्यलय गो.न.पा ०८, माकलबारी काठमाण्डौंमा कार्यलय समयभित्र सम्पर्क राख्न सक्नुहुनेछ ।

**लिलाम खोलिने मितिः २०८१/०३/०६, बिहीबार ।**
**समयः दिउँसो ४:०० बजे**
**स्थानः वान्टेड बचत तथा ऋण सहकारी सस्था लिमिटेडको प्रधान कार्यलय गो.न.पा. ०८, माकलबारी काठमाण्डौ ।**

---

## युएई/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ALHMRA ENVIROMENTAL SERVICES**

पूर्व स्वीकृति मिति २०८१/०२/२० | LT. No. 305678 | चलानी नं. ६०२२०४८५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 12 | 13 | 800 | २८,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : **TRINETRA TRADING CONTRACTING AND CLEANING**

पूर्व स्वीकृति मिति २०८१/०२/२१ | LT. No. 305726 | चलानी नं. ६०२२०४८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dry Clean Worker | 2 | 0 | 1200 | ४३,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Foreman | 3 | 0 | 2500 | ९०,६९५ | | | | | | | |
| 3 | General Clean Worker | 5 | 0 | 1200 | ४३,५३० | | | | | | | |
| 4 | Helper | 1 | 0 | 1200 | ४३,५३० | | | | | | | |
| 5 | Representative | 2 | 0 | 2500 | ९०,६९५ | | | | | | | |
| 6 | Supervisior | 2 | 0 | 2500 | ९०,६९५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ३० गते (12th June 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

